बैठक नं.- १२
मिति - २०७६।०१।२६ गते ।
समयः- १२:०० बजे ।
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०१।२६ गते बिहिबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाको बैटक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरुमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपशील**

**उपस्थितिः**

| | |
|---|---|
| श्री टंक बहादुर मोक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :- उपाध्यक्ष्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री उदाश कुमार भ्लोन | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री गोबिन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री मोहन प्रसाद पौडेल | :- व्यवस्थापन सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर । |
| श्री प्रकाश राई | :- आइटी सहयोगी, कैलाश गाउँपालिका, मकवानपुर । |

## बैठकका एजेन्डाहरू :-

१. समिक्षा सम्बन्धमा ।

२. योजना संशोधन सम्वन्धमा ।

३. रकमान्तर सम्वन्धमा ।

४. कार्यविधिहरू अनुमोदन सम्वन्धमा ।

५. प्राविधिक टोली गठन गर्ने सम्वन्धमा ।

६. विभिन्न समिति, उपसमितिको बैठक भत्ता सम्वन्धमा ।

७. न्यायिक समितिको पदाधिकारीलाइ भत्ता उपलव्ध गराउने सम्वन्धमा ।

८. थप दररेट अनुमोदन सम्वन्धमा ।

९. जनसहभागिता जुटाउने सम्वन्धि व्यवस्था सम्वन्धमा ।

१०.योजना अनुगमन सम्वन्धमा ।

११.पोशाक भत्ता सम्वन्धमा ।

१२. म्याद थप सम्वन्धमा

१४. लागत अनुमान परिमार्जन सम्वन्धमा

१४. गाडी भाडा भुक्तानी सम्वन्धमा ।

१५. जिन्सि मालसामान निरिक्षण समिति गठन सम्वन्धमा ।

१६. योजना र प्राविधिक शाखाको लागि मोटरसाइकल खरिद सम्वन्धमा ।

१७.चालु आवमा सन्चालन हुन नसक्ने योजना तथा कार्यक्रम सम्वन्धमा ।

१८. कृषि तर्फको कार्यक्रम संशोधन सम्वन्धमा ।

१९. सन्देश चर्च र वोकरथर्पा छोइलिङ गुम्बा सम्वन्धमा ।

२०. शिक्षक व्यवस्थापन तथा दरवन्दी मिलान सम्वन्धमा ।

२१. योजना प्रस्ताव पेश गर्ने सम्वन्धमा।

२२. कैलाश ३ को योजना संशोधन सम्वन्धमा ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरूः-

**निर्णय नं. १:-** १.१) प्रस्ताव न. १ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार मिति २०७६।०१।२४ गतेसम्मको तपशीलको आय व्यय विवरण भएको समिक्षा गरियो ।

तपशील

आयतर्फ

| क्र.स. | वजेट स्रोत | प्रस्तावित आय रू | वास्तविक आय रू | मौज्दात रू |
|---|---|---|---|---|
| १ | संघिय सरकार(समानिकरण,शशर्त र सासु समेत) | २१,८७,००,०००।- | १५,९३,८०,३५०।- | ५,९३,१९,६५०।- |
| २ | प्रदेश सरकार(समानिकरण र शसर्त) | ३,०३,४७,०००।- | १,१४,५३,७५०।- | १,८८,९३,२५०।- |
| ३ | राजश्व वाँडफाँड(संघ र प्रदेश) | ८,१८,३३,०००।- | ४,४०,५५,६०४.४०।- | ३,७७,७७,३९५.६०।- |
| ४ | गत आव अल्या | ५,९६,९३,१३५।- | ५,९६,९३,१३५।- | ०।- |
| ५ | आन्तरिक श्रोत | ४०,००,०००।- | २०,६५,८९७.६९।- | १९,३४,१०२.३१।- |
| | जम्मा | ३९,४५,७३,१३५।- | २७,६६,४८,७३७.१०।- | ११,७९,२४,३९७.९०।- |

### व्ययतर्फ

| क.सं. | शिर्षक | स्वीकृत वजेट रू | हालसम्मको खर्च रू मा र खर्च % | मौज्दात रू |
|---|---|---|---|---|
| १ | चालु/साधारण | १८,९०,४०,०००।- | १०,०३,५५,८८६।-(५३.०९%) | ८,८६,८४,११४।- |
| २ | पुजीगत/ विकास | २०,५५,३३,१३५।- | ३,१६,३२,६२४।-(१५.३९%) | १७,३९,००,५११।- |
| | जम्मा | ३९,४५,७३,१३५।- | १३,१९,८८,५१०।- | २६,२५,८४,६२५।- |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (१.२):- प्रस्ताव नं. १ को विषयमा आवश्यक छलफल गर्दा चालु आवमा गाउँसभावाट स्वीकृत भएका योजना तथा आयोजनाहरू हाल सम्म जम्मा ७४(चौरहतर वटा) जाँचपास तथा फरफारक समितिद्वारा सिफारिस भइसकेको र भुक्तानीको क्रममा रहेका र बाँकी योजनाहरू सन्तोषजनक रूपमा सन्चालन भइरहेको समिक्षा गरियो ।

निर्णय नं. २:- प्रस्ताव नं. २ को विषयमा आवश्यक छलफल गर्दा आ.व. ०७५।०७६ मा गाउँसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरू संशोधन गर्नुपर्ने देखिएकाले तपशील अनुसारका शिर्षक र वजेट वडा समितिको निर्णय सहित शशोधन लागि गाउँकार्यपालिका पेश भएकाले गाउँकार्यापालिकाद्वारा स्वीकृत गरि गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

| क्र.सं. | स्वीकृत योजना र रकम | संशोधन गरि कायम हुने योजना र रकम | कैफियत |
|---|---|---|---|
| १ | साइवाङ विलाउने सडक स्तरीकरण रू ३,००,०००।- र इन्टरलकिङ ब्लक निर्माण मेशिन खरिद तथा तालिम रू ३,५०,०००।- वाट | मादलसिं रन्चुराङ सडक स्तरीकरण रू ६,५०,०००।- | वडा नं. ८, कैलाश गापा |
| २ | नास्पति आदि रू १,००,०००।- वाट | पिङडाँडा खानेपानी योजना रू १,००,०००।- | वडा नं. १, कैलाश गापा |
| ३ | किटभन्ज्याङ विधुत मर्मत रू २,००,०००।-वाट | ट्रान्सफर्मर खरिद रू २,००,०००।- | वडा नं. ०९, कैलाश गापा |
| ४ | जीवन ज्योति प्रा.वि. भवन मर्मत रू ३,००,०००।- वाट | जीवन ज्योती सामग्री ढुवानी कार्यक्रम रू ३,००,०००।- | वडा नं. ०९, कैलाश गापा |
| ५ | अम्वोटे खानेपानी रू ५,००,०००।- वाट | वेरटार, अम्वोटे, पन्थेडाँडा सडक रू ५,००,०००।- | वडा नं. ०९, कैलाश गापा |
| ६ | नामटार वजार सोलार लाइट कार्यक्रम रू ४,१८,३१७ वाट | खेलकुद भवन निर्माण मा रू ३,००,०००।- र गर्दुवाढाँड सिंचाइ पाइप खरिद मा रू १,१८,३१७ | वडा नं. ०९, कैलाश गापा |
| ७ | इन्टरलगिङ ब्लक मेसिन खरिद, रू | घैराङ्गटार सिचाइ मर्मतमा रू २,००,०००।-, कालिका मन्दिर | वडा नं. ०९, कैलाश गा.पा. |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ४,५०,०००।-वाट | खुड्किलो निर्माण मा रू २,५०,०००।- | |
| ८ | सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण रू १०,००,०००।- वाट | चुत्रडाँडा राजामानटोल सडक स्तरीकरणमा रू ७,००,०००।-, सामुदायिक स्वास्थ्य इकाइ भवन घडेरी निर्माणमा रू १,५०,०००।-र सानोडाँडा डाडाखर्क खेल मैदान निर्माणमा रू १,५०,०००। | वडा नं. २ कैलाश गा.पा. |
| ९ | कैलाश-२ वैकुण्ठ ग्यावियन जाली रू २,००,०००।-वाट | खोलाखर्क वैकुण्ठ सडकमा ह्युम पाइप रू २००,०००।- | वडा नं. २ कैलाश गा.पा. |
| १० | गाउँघर क्लिनिक भवन निर्माण रू ३,५०,०००।-वाट | भलिवल ग्राउण्ड निर्माणमा रू ३,५०,०००।- | वडा नं. ५ कैलाश गा.पा. |
| ११ | वलामे झागे सिंचाई योजना रु. ४०००००/- , खेल मैदान निर्माण रू. १५००००/- र गार्खाल धुसराङ देउतिस सडकवाट रू ३,००,०००।- | घुमाउने वुकुटि लिक्चे ज्याङद्रङ सडक निर्माण रु. ८,५००००/- | वडा नं. ४ कैलाश गा.पा. |
| १२ | दुम्सीखर्क वस्ति वचाउ रु. ५०००००/- वाट | दुम्सीखर्क सानोलेक सडक रु. ५०००००/- | वडा नं. ६ कैलाश गा.पा. |
| १३ | शिवमन्दिर निर्माण रू १,००,०००।- वाट | भाल्टार चर्च सपोर्ट वाल निर्माणमा रू १,००,०००।- | वडा नं. १० कैलाश गा.पा. |
| १४ | वालिकन्या प्रावि वालकक्षा व्यवस्थापन तथा पारिश्रमिक कैलाश ८ रू १,३०,०००।- वाट | वालिकन्या प्रारम्भिक वाल विकास केन्द्र कक्षा व्यवस्थापन रू १,३०,०००।- | कैलाश वडा नं. ८ |
| १५ | चानथाङ चर्च मर्मत रू ५०,०००।- वाट | चानथाङ चर्च सांगितिक सामग्री व्यवस्थापन रू ५०,०००।- | वडा नं. ३ |
| १६ | गार्खाल धुसराङ स्यान्सिराङ वटनदेवि सडक निर्माण रू १५,००,०००।- वाट रू १२,००,०००।- | घुमाउने वुकुटि लिक्चे धुसराङ लाउति सडक डिपिआर रू ६,००,०००।-र देउतिस सडक मर्मत तथा निर्माणमा रू | वडा नं. ४ |

| | | | |
|---|---|---|---|
| | | ६,००,०००।- | |
| १७ | तल्लो स्यान्सिराङ खानेपानी मर्मत रू १ लाख। | टकुवा आमडाँडा सडक रू १ लाख। | वडा नं. ४ |
| १८ | देउनिस खानेपानी मर्मत रू १ लाख। | ज्यान्द्रुङ खानेपानी मर्मत रू १ लाख। | वडा नं ४ |
| १९ | गाउँघर क्लिनिक झ्यालढोका प्लाष्टर रू ५०,०००।- | शिद्धदेवी प्रावि ग्याबियन निर्माण रू ५०,०००।- | वडा नं. ६ |
| २० | चौकी भन्ज्याङ सुन्दर नागि गजुरी सडक रू ५,००,०००।- | खोलाखर्क वैकुण्ठ सडक ग्याविन जाली रू ५,००,०००।- | वडा नं. २ |

<u>निर्णय नं. ३</u>:- प्रस्ताव नं. ३ को विपयमा आवश्यक छलफल गर्दा निम्नानुसारको चालु तथा पुजीगत शिर्पकको वजेट कम वा वढी खर्च हुने देखिएकाले सो शिर्पकको तपशील वमोजिमको ढाँचामा रकमान्तर गर्न स्वीकृति तथा अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

<u>तपशील</u>

| क्र.स. | रकमान्तर हुने स्विकृत शिर्पक र विनियोजित रकम | रकमान्तर गरि कायम हुने शिर्पक र विनियोजित रकम | कैफियत(चालु/पुजिगत) |
|---|---|---|---|
| ०१ | पारिश्रमिक कर्मचारी(२११११) रू ५०,००,०००।- | कर्मचारी वैठक(२११३४) मा रू २,००,०००।-, सन्चार महशुल(२२११२)मा रू २,००,०००।-,सवारी साधन मर्मत खर्च(२२२१३) मा रू ३,००,०००।-, मशिनरी औजार मर्मत(२२२२१) मा रू ३,००,०००।-, मसलन्द तथा कार्यालय समाग्री खर्च(२२३११) मा रू १०,००,०००।-,छपाइ तथा सुचना प्रकाशन खर्च(२२३१५) मा रू १०,००,०००।-, परामर्श तथा सेवा(२२४११) मा रू ३,००,०००।-, अन्य सेवा | चालु |

| | | | |
|---|---|---|---|
| | | शुल्क(२२४२१) मा रू ५,००,०००।-,घरभाडा(२८१४२) मा रू१,००,०००। र सवारी साधन तथा मेशिनरी औजार भाडा(२८१४३) मा रू ४,००,०००।- गरी जम्मा रू ४३,००,०००।- | |
| ०२ | पदाधिकारी पारिश्रमिक(२१११२) रू ५,००,०००।- | अनुगमन तथा मुल्याङ्कन खर्च(२२६११) रू ५,००,०००।- | चालु |
| ०३ | महंगी भत्ता(२११३२) रू ५,००,०००।- | अनुगमन तथा मुल्याङ्कन खर्च(२२६११) रू ५,००,०००।- | चालु |
| ०४ | निर्मित सार्वजानिक सम्पत्तिको मर्मत सम्भार(२२२३१) रू ६,००,०००।- | विविध(२२७११) शिर्षकमा रू ६,००,०००।- | चालु |

निर्णय नं. ४:- प्रस्ताव नं. ४ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँकार्यापालिकाको कार्यालयमा कार्यरत प्राविधिक शाखा तर्फका कर्मचारीहरूको फिल्ड भत्तालाइ व्यवस्थित र कार्यप्रणालीलाइ नजितामुलक वनाउन प्राविधिक कर्मचारी फिल्ड भत्ता सम्वन्धि कार्यविधि, २०७६ र तालिम, गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी इन्धन, टेलिफोन खर्च सम्वन्धि कार्यविधि,२०७६ अनुमोदन गरियो ।

निर्णय नं. ५ :- नेपाल सरकारको निर्णय र संघिय सार्बजानिक खरिद ऐन,२०६३ अनुसार रु. १ करोड सम्मको उपभोक्ता समिति माफत सचालन हुने सडक आयोजनाहरुमा मेशीन लगाउन नपाउने प्रावधान रहेको र मेशीन प्रयोग गर्नु पर्ने स्थिति आई परेमा सोको लागि प्राविधिक प्रतिवेदन चाहिने भएकोले सोको लागि तपसिल वमोजिमको प्राविधिक टोली गर्ने निर्णय गरियो ।

तपसिल

क. इन्जिनिय — संयोजक

ख. सव ईन्जिनियर — सदस्य

ग. अ.स.ई. — सदस्य

टंक बहादुर मुकार्न
अध्यक्ष

निर्णय नं.६ : यस कैलाश गाउंपालिकाबाट गठित विभिन्न समिति, उप समिति, कार्यपालिकाको बोर्ड तथा गाउँ सभा बैठकमा उपस्थित पदाधिकारी, आमन्त्रित र माईन्युट सहयोगीलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७३ को परिच्छेद ७ को खण्ड ७.१.२ ले तोकेको दर अनुसार प्रति बैठक रु.१५०० बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७ : यस गाउंपालिकामा गठीत न्यायिक समितिका पदाधिकारीहरुलाई न्यायीक समितिको अधिकार क्षेत्र भित्र पर्ने मुद्धा मामिलाको फैसला गरे बापत प्राप्त कागजात र प्रत्येक वडामा रहेका कानूनी मेलमिलापकर्ताहरुलाई आफनो अधिकार क्षेत्र भित्र पर्ने दुई वा सो भन्दा बढी व्यक्ति, समूह वा समुदाय बिच भएको बेमेल, विवाद असन्तुष्टी वा त्यस्तै किसिमको कुनै समस्याको समाधान गरे बापत त्यस्तो समस्या समाधान गरेको दिनको लागि प्राप्त कागजातको आधारमा तपसिल बमोजिमको पारिश्रमिक वा सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै त्यस्तो पारिश्रमिक सेवा तथा सुविधा गाउंपालिकाले तोकेको शिर्षकमा विनियोजित बजेटबाट न्यायीक समितिको बैठक व्यवस्थापन तथा मेलमिलापकर्ताले गरेको फैसला बमोजिम लाग्ने शुल्कमा खर्च गर्ने निर्णय गरियो ।

तपसिल

१। न्यायीक समितिका पदाधिकारीहरुलाई मुद्धा फैसला हुदांको दिनको मुद्धा फैसला बापत प्रति व्यक्ति रु.५००
२। न्यायीक समितिका पदाधिकारी र कानुनी सहजकर्तालाई बैठक बसेको दिनको बैठक भत्ता प्रति व्यक्ति रु.१५००
३। वडामा रहेका मेलमिलापकर्ताहरुलाई दुई वा सो भन्दा बढी समूह बिच भएको बेमेल वा विवादजन्य समस्या समाधान गरे बापत त्यस्तो समस्या समाधान गरेको दिनको प्रति मेलमिलापकर्ता रु.५००

निर्णय नं.८ : प्रस्ताव नं. ७ को विषयमा छलफल गर्दा गाउकार्यपालिकाको मिति २०७६/०१/१९ गतेको निर्णयानुसार मकवानपुर जिल्ला दररेट अनुमोदन भएकोमा तपशीलको दररेट अभाव भएकाले देहायअनुसार हुनेगरि अनुमोदन गरियो ।

तपसिल

| | |
|---|---|
| क. माटो कटान प्रति घन मीटर | रु.५५ २३ |
| ख. नरम चट्टान कटान, प्रति घन मीटर | रु.१८४ १० |
| ग. मध्यम कडा चट्टान प्रति घन मीटर | रु.३६८ २० |

निर्णय नं.९ : यस कैलाश गाउपालिकामा संचालन हुने आयोजनामा उपभोक्ता समितिले व्यहोर्नु पर्ने आव ०७५।०७६ लागि भएको लागत सहभागीता अनुमोदन गर्दै आगामी आव देखि देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

क. कच्ची सडक निर्माण तथा अन्य योजनामा माटोको काममा लागत अनुमान अंकको कम्तीमा १५% प्रतिशत रकम बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

ख. सडक ग्रेभल, खानेपानी, सिंचाई जस्ता आयोजनाको निर्माण कार्यको हकमा लागत अनुमान अंकको कम्तीमा १५ प्रतिशत रकम बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

ग. भवन तथा अन्य निर्माण कार्यको हकमा लागत अनुमान अंकको कम्तीमा १० प्रतिशत रकम बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

घ. आयोजना संचालन गर्ने गाउपालिकाले नगदै अंशानुदान गर्नु पर्ने भनि तोकिएकोमा सोही बमोजिम नगद अंशादान सम्बन्धित उपभोक्ता समितिले राख्नु पर्नेछ ।

ङ. कुनै अन्य निकायबाट प्राप्त हुने बजेटबाट संचालन हुने आयोजनाको हकमा सोही निकायले व्यवस्था गरेको निर्देशन बमोजिम हुनेछ ।

निर्णय नं.१० : गाउपालिकामा संचालित आयोजनाहरुको स्थलगत अनुगमन गर्ने व्यवस्था कानुनमा रहेकोमा सोही बमोजिम यस गाउपालिकामा गाउपालिका स्तरिय अनुगमन समिति गठन भएकोमा कैलाश गाउपालिका अत्यन्त विकट एवं दुर्गम क्षेत्र भएकोले यहा संचालित आयोजनाहरुको स्थलगत अनुगमन गर्न गाउपालिका स्तरिय अनुगमन समितिले मात्र नभ्याउने भएकोले चालु आ.व.२०७५ ७६ मा संचालित रु. ५ लाख सम्मको बजेटको आयोजनाहरुको सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको वडा स्तरिय अनुगमन समितिले स्थलगत अनुगमन गरी सोको प्रतिवेदन पेश गरे पश्चात मात्र अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| ख. सम्बन्धित वडाका वडा सदस्य | सदस्य |
| ग. सम्बन्धित वडाका वडा सदस्य | सदस्य |
| घ. सम्बन्धित वडाका वडा सदस्य | सदस्य |
| ङ. सम्बन्धित वडाका वडा सचिव | सदस्य सचिव |

निर्णय नं. ११:- प्रस्ताव नं. ११ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा कार्यरत करार सेवा अन्तर्गतका कर्मचारीहरूको पोशाक भत्ता भुक्तानीमा नीतिगत निर्णयको समस्या परेकाले संघिय ऐन ,नियम र गाउँपालिकाको कार्यालयले गरेको करार सम्झौताका आधारमा पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२:- प्रस्ताव नं.१२ को विषयमा व्यापक छलफल गर्दा चालु आवमा सम्झौता भएका योजना तथा कार्यक्रमहरू असार २० गतेभित्र कार्य सम्पन्न गरिसक्ने र सो नभएमा भुक्तानीको लागि म्याद थप नगर्ने निर्णय गरियो ।

निर्णय नं. १३:- प्रस्ताव नं. १३ को विषयमा आवश्यक छलफल गर्दा यस कार्यालयको लागि लिइएको गाडी भाडा चैत्र महिनाको भुक्तानी गर्दा भैपरी आउने चालु खर्च शिर्षक(२८९११) बाट भएकाले भुक्तानी भएको रकम रू १,२२,२००।-( एक लाख बाइस हजार दुइ सय रूपैया मात्र ।) खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. १४:- प्रस्ताव नं. १४ को विषयमा आवश्यक छलफल गर्दा तपशीलका योजनाहरूको लागत अनुमान र सम्झौता भइसकेको भएतापनि प्राविधिक प्रतिवेदन पेश भइ सोही आधारमा सो योजनाहरूको लागत अनुमान परिमार्जन गर्न उपयुक्त देखिएकाले परिमार्जित लागत अनुमान तयार गरि स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

१। वडा कार्यालय भवन मर्मत कैलाश- १

२। वलमटार सिचाइ निर्माण कैलाश-१०

३। स्वास्थ्य चौकी घडेरी निर्माण कैलाश-५

निर्णय नं. १५:- प्रस्ताव नं. १५ को विषयमा आवश्यक छलफल गर्दा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार यस गाउपालिकामा लगत खडा गरी राखिएको जिन्सी मालसामानहरु के कस्तो अवस्थामा छन सोको निरिक्षण गर्ने कार्यको लागि तपसिल बमोजिमको जिन्सी निरिक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. | लेखा शाखा प्रमुख | सदस्य |
| ग. | प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. १६:- प्रस्ताव नं. १६ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यालयको योजना र प्राविधिक शाखामा एक/एक थान मोटरसाइकलको आवश्यकता परेकाले खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. १७:- प्रस्ताव नं. १७ को विषयमा आवश्यक छलफल गर्दा चालु आवका तपशील अनुसारका योजना तथा कार्यक्रमहरू सन्चालन हुन नसक्ने देखिएकाले सो योजना तथा कार्यक्रमहरु देहायवमोजिम हुनगरि शंशोधनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशील

| क.स. | स्वीकृत शिर्षकहरू | स्वीकृत बिनियोजित रकम रू | कैफियत |
|---|---|---|---|
| १ | कालिका मावि भवन मर्मत तथा शैक्षिक विकास कार्यक्रम | २५,००,०००।- | |
| २ | कालिका मावि खेलकुद मैदान निर्माण | ५,००,०००।- | |
| ३ | वितिय क्षेत्रको अनुगमत्त तथा नियमन | २,००,०००।- | |
| ४ | वितिय क्षेत्र प्रवर्धन कार्यक्रम | ३,९७,४२६।- | |
| ५ | नमुना डिपिङ टयाङ्क निर्माण कैलाश ७,८,१,२ र ५ | १,००,०००।- | |
| ६ | ट्रेविज निर्माण कैलाश ३,४,६,९ र १० | १,२५,०००।- | |
| ७ | अतिरिक्त क्रियाकलाप तथा व्यवस्थापन माविस्तरीय | १५,००,०००।- | |
| ८ | वालवालिकाको लगत संकलन तथा दोस्रो भर्ना अभियान | २,००,०००।- | |
| ९ | प्रारम्भिक वाल विकास केन्द्र सन्चालन कैलाश ४ गोपीघारी जनशक्ति तथा पाठ्यसामाग्री | ७०,०००।- | |
| १० | जलाधार संरक्षण कार्यक्रम | २,०९,०००।- | |
| ११ | डढेलो नियन्त्रण सम्वन्धि जनचेतनामुलक कार्यक्रम कैलाश ४ र ७ | ९८,०००।- | |
| १२ | लेखाकंन | ३,००,०००।- | |
| १३ | वितिय व्यवस्थापन र अनुशासन | ९३,५६६.३५।- | |
| १४ | वितिय जोखिम न्युनीकरण | १,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १५ | वडा सदस्यहरुको क्षमता अभिवृद्धि तालिम | २,००,०००।- | |
| १६ | भ्रष्टाचार शुन्य शहनशिलता अवलम्वन कार्यक्रम | १,००,०००।- | |
| १७ | ग्रामिण विधुतिकरण सम्भाव्यता अध्ययन | ८,२०,०००।- | |
| १८ | कर्मचारी पारिश्रमिक | ७,००,०००।- | |
| १९ | सामुदायिक स्वास्थ्य ईकाई भवन तथा घडेरी निर्माण | १०,००,०००।- | |
| २० | वृक्षारोपण कैलाश ५वाँस | १,००,०००।- | |
| २१ | वृक्षारोपण कैलाश ६ | १,००,०००।- | |
| | जम्मा | ९४,१२,९९२.३५।- | |

<u>निर्णय नं. १८</u>:- स्वीकृत चालु आवको तपशिल अनुसारको कार्यक्रम स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपशील</u>

| क्र.सं. | स्वीकृत कार्यक्रम | स्वीकृत बजेट | संसोधन गर्नु पर्ने कार्यक्रम |
|---|---|---|---|
| १ | मकै विज वद्धि कार्यक्रम | २०,०००।- | जुनार कलमी विरुवा वितरण निःशुल्क (ढुवानी सहित) |
| २ | विज वृद्धि विपयक ३ दिने तालिम | ६०,०००।- | हाईजेनिक टनेल मर्मत |
| ३ | रोग किरा नियन्त्रण | ५,०००।- | |
| ४ | किवी क्षेत्र विस्तार कार्यक्रम | ९,७०००।- | |
| ५ | कोदो चुटने थ्रेसर ५० प्रतिशत अनुदान | ८०,०००।- | |
| | जम्मा | २६२,०००।- | |

<u>निर्णय नं. १९</u>:- सन्देश चर्च घडेरी निर्माण मन्याङकोट, कैलाश १० रु. ५०,०००।- र वोकरथर्पा छोइलिङ गुम्वा, कैलाश ९ रु. १.१२,०००।- गरि जम्मा रू १.६२,०००।- विविध साँस्कृतिक प्रवर्धन शिर्षकवाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. २०</u>:- यस गाउँपालिका भित्रका सामुदायिक विधालयहरुमा विविध कारणवस रिक्त रहेको दरवन्दिहरुमा नियमानुसार यथाशिग्र पदपुर्तिगर्न सम्वन्धित विधालयहरुलाई पत्राचार गर्न निर्देशन दिने निर्णय गरियो। साथै विधार्थीको अनुपातमा नियमानुसार शिक्षक दरवन्दी मिलान गर्न गाउँ शिक्षा समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २१- प्रस्ताव नं. २१ माथि व्यापक छलफल गर्दा आ.व. ०७५/७६को स्विकृत योजना तथा आयोजनाहरु मध्य यस आ.व.मा खर्च हुन नसकिने देखिएका निर्णय नं. १७ का योजना तथा आयोजनाहरुबाट देहाय अनुसारका योजना तथा कार्यक्रमहरु स्विकृत गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

तपशिल:

| क.सं. | शिर्षक | बिनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कालिका मा.वि. शैक्षिक विकास अनुदान | ३३,००,०००।- | वडा नं. ९ |
| २ | वडा नं. ७ को कार्यालय तथा सामुदायिक स्वास्थ्य ईकाई भवन घडेरी निर्माण | ३,००,०००।- | वडा नं. ७ |
| ३ | तित्राबास गोलढुङ्गा ग्रामिण सडक | ५,००,०००।- | वडा नं. ५ |
| ४ | स्याम्राङ कप्सेरी भाल्टार कृपि सडक निर्माण तथा ग्याविन र ह्युम पाईप | ४,००,०००।- | वडा नं. १० |
| ५ | वेतघारी कालिकाटार सडक मर्मत | ७,००,०००।- | वडा नं. ३ |
| ६ | पख्यौली हुन्द्रुङ खोला सानो डाँडाखर्क सडक मर्मत | ५,००,०००।- | वडा नं. २ |
| ७ | आकस्मिक कोष | १४,००,०००।- | |
| ८ | श्री देउतिस प्रावि शैक्षिक अनुदान | ७०,०००।- | वडा नं. ४ |
| ९ | खानीभन्ज्याङ चिप्लेटी गोदाम सडक | ३,००,०००।- | वडा नं. ६ |
| १० | धुवाङ मावि शैक्षिक विकास अनुदान | १,००,०००।- | वडा नं. ८ |
| ११ | डोकोटार डाँडाबारी सडक | २,००,०००।- | वडा नं. ७ |
| १२ | भवानी मावि फर्निचर खरिद | १,००,०००।- | वडा नं. ३ |
| १३ | शक्तिशाली आ.वि. शैक्षिक विकास अनुदान | २,४२,९९२.३५।- | वडा नं. ७ |
| १४ | सुन्दरीकाली आ.वि. रंगरोगन | १,००,०००।- | वडा नं. ८ |
| १५ | सामुदायिक स्वास्थ्य ईकाई भवन तथा घडेरी निर्माण | ५,००,०००।- | वडा नं. १० |
| १६ | सामुदायिक स्वास्थ्य ईकाई भवन तथा घडेरी निर्माण | २,००,०००।- | वडा नं. ६ |
| १७ | श्रीदेवी प्रावि | १,००,०००।- | वडा नं. १० |
| १८ | डाँडाखर्क स्वास्थ्य चौकी नयाँ सडक निर्माण | १,००,०००।- | वडा नं. १ |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १९ | कात्तिके खानेपानि | १,००,०००।- | वडा नं. ३ |
| २० | वडा कार्यालय भवन मर्मतमा थप | २,००,०००।- | वडा नं. ५ |
| | जम्मा | ९४,१२,९९२.३५ | |

<u>निर्णय नं. २२:-</u> प्रस्ताव नं. २२को विषयमा आवश्यक छलफल गर्दा यस गाउँकार्यपालिकाको मिति २०७५।०९।०४ गतेको बैठकको निर्णय अन्तर्गत शारदा आ.वि. भवन मर्मतमा रू १,५०,०००।- र कैलाश ३ बृक्षारोपण शिर्षकमा रू १,००,०००।- विनियोजन भएकोमा टुकुवा आमडाँडा सडकमा रू २,५०,०००।- शंशोधन र विनियोजनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

उपर्युक्त निर्णयहरू गरि कार्यापालिकाको बैठक समापन गरियो ।

टंक बहादुर मुक्तान
अध्यक्ष

माथि उल्लेखित निर्णयहरु स्थानीय सरकार सञ्चालन ऐन, 2074 दफा ८४(२)ज अनुसार प्रमाणित गरिएकोछ

प्रमुख प्रशासकीय अधिकृत